# भाग ४

नेपाल अधिराज्यका

## महालेखा परीक्षकको विभागको सूचना

लेखापरीक्षण सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीका उपमहालेखा परीक्षक श्री वासुदेव लामिछानेले आफू अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आयुक्त पदमा नियुक्ति भएको कारण देखाई २०५७ साल कार्तिक १८ गतेदेखि लागू हुने गरी लेखा-परीक्षण सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको उपमहालेखा परीक्षकको पदबाट दिनु भएको राजिनामा सोही मितिदेखि लागू हुने गरी मिति २०५७ साल मंसिर २६ मा स्वीकृत भएकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
बद्रीबहादुर कार्की
नायब महालेखा परीक्षक

## भूलसुधार

खण्ड ५० संख्या २८ मिति २०५७ साल कात्तिक १४ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना २ को दफा २ मा देहायबमोजिम हुनुपर्नेमा अन्यथा हुन गएकोले भूलसुधार गरिएको छ ।

"२. तयारी पश्मिनाका बस्तु निर्यात गर्दा आयातीत कच्चापदार्थमा नेपाल प्रवेश गर्ने भंसार विन्दूसम्ममा लागेको कूल मूल्यमा न्यूनतम ३५ प्रतिशत मूल्य थप गरी कायम हुन आउने FOB मूल्यमा तयारी पश्मिनाको बस्तु निकासी गर्नु पर्नेछ।"

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

221